# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी ,झापा
## प्रदेश नं.१, नेपाल

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा १ नं. प्रदेश, नेपाल

## फार्मेसी सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

ठेक्का नं.- kanakai/IR/05/2076-077

*प्रथम पटक प्रकाशित मितिः- २०७७/०२/१०*

यस नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र सुरुङ्गा, झापामा बिमा कार्यक्रम अन्तर्गत फार्मेसी (औषधी बिक्री कक्ष) भाडामा लगाउने कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुँदा इच्छुक फर्म/ व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र नगरपालिकामा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. स्वास्थ्य विमा गरिएका विरामीहरुका लागि बिमा बोर्डले निर्धारण गरेको मुल्यमा तोकिएका औषधीहरु उपलब्ध गराउनु पर्नेछ ।

२. औषधीको क्लेम इन्ट्री (Claim Entry) आफै गर्नु पर्नेछ ।

३. बिमाका विरामीहरुलाई उपलब्ध गराएको औषधिको सोधभर्ना बिमा बोर्डले रकम उपलब्ध गराए बमोजिम हुनेछ ।

४. बिमा सुविधा अन्तरगत नपर्ने औषधिको सोधभर्ना गरिने छैन ।

५. फार्मेसी (औषधी बिक्री कक्ष) सञ्चालनको लागि आवश्यक पर्ने लगानी तथा जनशक्ति सञ्चालक स्वयंले व्यवस्था गर्नुपर्नेछ ।

६. फार्मेसी (औषधी बिक्री कक्ष) संचालनका लागि मासिक न्यूनतम रु २,५०,०००।-(दुई लाख पचास हजार) भन्दा नघट्ने गरी बोलकबोल गर्नु पर्नेछ ।

७ दरभाउपत्र छनौट गर्ने अधिकार कनकाई नगरपालिकालाई हुनेछ ।

८ व्यवस्थापन समितिले तोके बमोजिमको स्थानमा २४ घन्टा औषधी बिक्री कक्ष खोल्नु पर्नेछ ।

९ दरभाउपत्रमा उल्लेख गरेको कबोल अंकको २.५ प्रतिशत रकम धरौटी वापत कनकाई नगरपालिकाको नेपाल बैङ्क लि. सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं. १४७०३००००३००००००००१ मा अग्रिम जम्मा गरेको प्रमाण वा सो बराबरको नेपाल राष्ट्र बैंक बाट 'क' बर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवम ठेक्का नं अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत )दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएकोपेश ( गर्नु पर्नेछ । बैंक मार्फत दरभाउपत्र जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउपत्र जमानत फारम अनुसारनै पेश भएको मात्र मान्य हुनेछ ।

१० यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस नगरपालिकाको राजश्व शाखाबाट रु १००० अक्षरुपी एक हजार मात्र फिर्ता नहुँने गरि नगद बुझाइ तथा कम्पनी, फर्म वा सप्लायर्सहरुले औषधी व्यवसाय विभाग वा वाणिज्य विभागबाट व्यवसाय नवीकरण समेत भएको इजाजत पत्र, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी शिलबन्दी दरभाउपत्र खरिद गरि १६ औं दिनको १२ बजेभित्र रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्ने छ । दरभाउपत्रमा कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं समेत स्पस्ट खुलाई फर्मको छाप समेत लगाउँनुपर्ने छ

११ प्राप्त भएका दरभाउपत्रहरु १६औं दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिने छ ।दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

१२ रितपूर्वक नभएको र म्याद नाघी आएको निवेदन स्वतः रद्ध हुनेछ ।

१३ अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१४ यो सूचना र यसको दरभाउपत्र फारम यस कार्यालयको वेवसाइट www.kankaimun.gov.np बाट डाउनलोड गर्न समेत सकिनेछ ।

१५ हार्ड कपी बुझाउँन असहज भए आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी यस कार्यालयको इमेल ठेगाना kanakai.mun@gmail.com बाट pdf फायल अप्लोड गर्न/ पठाउँन सकिने छ ।

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

# फार्मेसी सञ्चालन सम्बन्धी दरभाउ पत्र

विवरण पेश गर्ने फर्म/कम्पनी/सप्लायर्सको नाम ठेगानाः-

| सि.नं. | विवरण | कबोल गरेको रकम | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| १. | आ.व. २०७७/०७८ को लागि प्रा.स्वा.के. सुरुङ्गामा बिमा कार्यक्रम अन्तर्गत औषधी बिक्री कक्ष सञ्चालन गर्ने | | | |

संस्थाको छापः-

दस्तखतः-

**संलग्न कागजातहरुः-**

१.

२.

३.

४.

५.